# “माध्यमिक तहमा शिक्षकहरूको शिक्षणप्रतिको धारणा र अभ्यास”

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह, दोश्रो वर्ष
पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक
आवश्यकता पूरा गर्नको लागि प्रस्तुत
शोध प्रतिवेदन


प्रस्तुत कर्ता
विष्णु शर्मा
एम.एड.दोश्रो वर्ष
परीक्षा रोल नं. : २८००१५/०६६
त्रि.वि.दर्ता नं.: ९-२-५०-१५५७-२००४



त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग
(पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग)
कीर्तिपुर, काठमाडौं
२०६८

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर स्नातकोत्तर तह, दोश्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्रा विष्णु शर्माले “माध्यमिक तहमा शिक्षकहरूको शिक्षणप्रतिको धारणा र अभ्यास” शीर्षकमा शोध प्रतिवेदन मेरो निर्देशनमा लेखनकार्य पूरा गर्नु भएकोले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..................................

उप प्रा.किरणराम रञ्जितकार

शोध निर्देशक

मिति २०६७/१२/२८ गते ।

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र केन्द्रीय विभाग कीर्तिपुर स्नातकोत्तर तह, दोश्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्रा विष्णु शर्माले "माध्यमिक तहमा शिक्षकहरूको शिक्षणप्रतिको धारणा र अभ्यास" शोध शीर्षकमा शोध प्रतिवेदन तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतिका लागि सिफारिस साथ यस समितिमा पेश गर्नु भएकोमा यस समितिबाट मूल्याङ्कन गरी स्वीकृति गरिएको छ ।

| | मूल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|---|
| १ | सह प्रा. नारायण बस्नेत<br>विभागीय प्रमुख | ............... |
| २. | उप प्रा. किरणराम रञ्जितकार<br>शोध निर्देशक | ............... |
| ३ | उप प्रा. विश्ववाला थापा<br>वाह्य परीक्षक | ............... |

मिति २०६८/०१/०४ गते ।

## कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विषय लिई अध्ययन गर्ने विद्यार्थीका लागि स्नातकोत्तर तह द्वितीय वर्षको (ED.598) शोधपत्रको आंशिक आवश्यकता परिपूर्ति गर्न यो अध्ययनको अवसर प्रदान गरि दिएकोमा सर्वप्रथम पाठ्यक्रम तथा मूल्याङ्कन विभागप्रति आभार प्रकट गर्दछु ।

वर्तमान समयमा कुनैपनि देशको शिक्षाको विकासलाई अन्तर्राष्ट्रिय मापदण्डको आधारमा हेरिनु पर्दछ । शिक्षाले नै समाज विकासको आधार तय गर्दछ । गुणस्तरीय शिक्षा प्रदान गर्न सकेमा मात्र भोलिका लागि दक्ष जनशक्ति उत्पादन गर्न सकिन्छ । अझ माध्यमिक तह त उच्च शिक्षा प्राप्तिका लागि आधारशिलाका साथै कोसेढुङ्गा हो । त्यसैले समय सापेक्ष यस तहको शिक्षामा सुधार र परिवर्तन गरिनु पर्दछ । शिक्षकहरूले पनि आफ्नो रुची र चाखका साथ उचित शिक्षण विधि र शैक्षिक सामाग्रीको प्रयोग गरी शिक्षण गरेमा मात्र गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ । यसै सिलसिलामा माध्यमिक तहमा अध्यापनरत शिक्षकहरूको शिक्षणप्रतिको धारणा कस्तो छ ? विषयगत अभ्यासको अवस्था कस्तो छ ? भनेर अध्ययन गरिनु नितान्त आवश्यक देखिएको छ । त्यसैले मैले यस शोधपत्रको आवश्यकता परिपूर्ति गर्ने उद्देश्य बमोजिम "माध्यमिक तहमा शिक्षकहरूको शिक्षणप्रतिको धारणा र अभ्यास" शीर्षकमा प्राप्त भएको तथ्याङ्कलाई विवेचनात्मक विश्लेषण गर्न र यसमा आइपरेका समस्या पहिचान गर्नका लागि खोजमूलक ढङ्गबाट अनुसन्धानका लागि टेवा पुऱ्याउने छ भन्ने विश्वास लिएकी छु ।

यस प्रतिवेदन तयार गर्ने क्रममा आफ्नो अमूल्य समय दिई निरन्तर रूपमा सहयोग गर्नुहुने शोध निर्देशक उप-प्रा. किरणराम रञ्जितकारप्रति सम्मान व्यक्त गर्दछु । अध्ययनका क्रममा आवश्यक सल्लाह सुझाव प्रदान गरी सहयोग गरि दिनु भएकोमा आदरणीय गुरु प्रा.डा. तीर्थराज पराजुलीप्रति विशेष सम्मान व्यक्त गर्दछु । त्यस्तै अध्ययनका क्रममा विभिन्न अप्ठ्यारा कुरालाई सरल पार्न सहयोग गर्नुहुने गुरु सह प्रा. नारायण बस्नेत र उप.प्रा. यशोधरा पन्तप्रति ऋणी छु ।

अध्ययनका क्रममा सहज रूपमा तथ्याङ्क प्रदान गरिदिनु हुने सबै विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीप्रति कृतज्ञता ज्ञापन गर्दछु । यो शोधपत्र तयार गर्ने क्रममा शुरुदेखि अन्त्यसम्म सहयोग गर्नुहुने मेरा पति यज्ञप्रसाद ज्ञवालीलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु, अन्त्यमा अनुसन्धान प्रतिवेदनलाई टङ्कन गरी साकार रूप दिन प्रदान गर्न सहयोग गर्नुहुने श्री जनक ढकाललाई विशेष धन्यवाद व्यक्त गर्दछु ।

मिति : २०६७, चैत्र

विष्णु शर्मा

# शोधसार

आजको युग ज्ञान एवं विज्ञानको युग हो । हरेक राष्ट्रको विकासमा शिक्षाको भूमिका अग्रणी रहन्छ भन्ने कुरा निर्विवाद हो । त्यसैले राष्ट्रको सर्वाङ्गिण विकास गर्नका लागि शिक्षाको विकास हुनु जरुरी छ । त्यसमा पनि गुणस्तरीय शिक्षा, प्रभावकारी शिक्षण सिकाइ भएकोले होला आज धेरै राष्ट्रहरूले निकै चाँडै आफ्नो मुलुकलाई विकसित राष्ट्रको स्थानमा राख्न सफल भएका छन् । हाम्रो देशमा पनि शिक्षाको विकास र विस्तार गर्न विगत लामो समयदेखि औपचारिक शिक्षाको माध्यमबाट विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन हुँदै आएपनि अपेक्षित उपलब्धि हासिल हुन सकिरहेको छैन । यसरी अपेक्षित उपलब्धि हासिल नहुनमा कतै हाम्रो शैक्षिक अभ्यासमा कुनै कमी कमजोरी छ की शिक्षकहरूको शिक्षणप्रतिको धारणाले प्रभाव पाऱ्यो की भन्ने लागेर "माध्यमिक तहमा शिक्षकहरूको शिक्षणप्रतिको धारणा र अभ्यास" विषयको यस अध्ययन मार्फत माध्यमिक तहमा अध्यापनरत शिक्षकहरूको शिक्षणप्रतिको धारणा र विषयगत अभ्यासको अवस्था पहिचान गरी आवश्यक सुधारका उपायहरू खोजी गर्न यो अध्ययन अनुसन्धान गरिएको छ ।

"माध्यमिक तहमा शिक्षकहरूको शिक्षणप्रतिको धारणा र अभ्यास" शीर्षकमा गरिएको यस अध्ययनका उद्देश्यहरू निम्न लिखित छन् ।

- शिक्षकहरूको पृष्ठभूमि पहिचान गर्नु ।
- शिक्षकहरूको शिक्षणप्रतिको धारणा पत्ता लगाउनु ।
- शिक्षकहरूको विषयगत अभ्यासको अवस्था पत्ता लगाउनु ।

प्रस्तुत अध्ययनका लागि गुल्मी जिल्लाका २ वटा गा.वि.स. (बलेटक्सार र दिगाम गा.वि.स.) का ४ वटा विद्यालयलाई उद्देश्यात्मक नमूना छनौट विधिद्वारा छनौट गरिएको थियो । छनौटमा परेका प्रत्येक विद्यालयमा गणित, सामाजिक र स्वास्थ्य जनसंख्या तथा वातावरण विषय अध्यापन गराउने जम्मा १२ जना शिक्षकलाई पनि उद्देश्यात्मक नमूना छनौट विधिद्वारा छनौट गरिएको थियो भने प्रत्येक विद्यालयका कक्षा ९ मा अध्ययन गर्ने ४ जना छात्र र ४ जना छात्रा गरी जम्मा ३२ जना विद्यार्थीलाई Stratified Sampling विधिद्वारा छनौट गरिएको थियो । छनौटमा परेका प्रत्येक विद्यालयको शिक्षक र विद्यार्थीसँग विश्वसनीयता र वैद्यता स्थापित भएका व्यक्तिगत विवरण फाराम, लिर्कट स्केल, कक्षा अवलोकन फाराम, शिक्षक अन्तरवार्ता, प्रश्नावली र विद्यार्थी समूह, छलफल, निर्देशिका आदि अध्ययन सामाग्रीको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो ।

यस अध्ययनबाट प्राप्त तथ्याङ्कहरूका आधारमा शिक्षकहरूले न्यूनतम शैक्षिक योग्यताका साथै तालिम प्राप्त गरेका अधिकांश शिक्षकहरू ब्राह्मण जातका र हिन्दु धर्म मान्नुका साथै पुरुष शिक्षकहरू रहेको पाइयो । त्यस्तै ३० देखि ४० वर्ष उमेर समूहका र अस्थायी शिक्षकहरू अत्याधिक

रहेको पाइयो । सबै शिक्षकहरूको शिक्षणप्रतिको धारणा सकारात्मक पाइयो, जात लिङ्ग र उमेरका आधारमा शिक्षकहरूको शिक्षणप्रतिको धारणामा कुनै अन्तर पाइएन । विद्यालयमा कक्षाकोठा व्यवस्थापन कमजोर रहेको, शिक्षकले पूर्वपाठको स्मरण गराएपनि पाठयोजना निर्माण नगरी शिक्षण गरेको पाइयो । शिक्षक निर्देशिकाको पनि प्रयोग भएको पाइएन । गणित विषयमा प्रश्नोत्तर, छलफल विधि प्रयोग गरेपनि अन्य विषयमा व्याख्यान विधि नै प्रयोग गरेको पाइयो । शैक्षिक सामाग्री प्रयोगमा पनि कमी पाइएको छ । शिक्षकले गृहकार्य दिएपनि दैनिक रूपमा परीक्षण गरेको भने पाइएन ।

विद्यालयमा शिक्षक नियुक्ति गर्दा सम्बन्धित विषयमा विशिष्टीकरण गरेको शिक्षकलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । महिला शिक्षिका राख्न नीतिगत रूपमा नै प्रयास गर्नुपर्ने देखिन्छ । शिक्षक सेवा आयोगले समय समयमा विज्ञापन खुलाएर अस्थायी शिक्षकलाई स्थायी गर्नुपर्ने जसले गर्दा शिक्षकहरूको शिक्षणप्रतिको धारणा अझ सकारात्मक हुन सक्दछ । विद्यालय प्रशासनले कक्षाकोठा व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । पाठ्यक्रम विकासकेन्द्रले पाठ्यपुस्तक परिवर्तनसँगै शिक्षक निर्देशिकामा पनि परिवर्तन गरी सबै विद्यालयमा सर्वसुलभ रूपमा पुऱ्याउनु पर्ने देखिन्छ । शिक्षकले व्याख्यान विधिको सट्टा विद्यार्थी केन्द्रित विधिको प्रयोगमा जोड दिनुपर्दछ । शिक्षकले दैनिक रूपमा विद्यार्थीको गृहकार्य परीक्षण गरी पृष्ठपोषण दिनुपर्ने देखिन्छ ।

# विषयसूची


सिफारिस पत्र I

स्वीकृति पत्र II

कृतज्ञता III

शोधसार IV

विषयसूची VI

तालिका सूची IX

**अध्याय - एक**

**परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ७

१.३ अनुसन्धानात्मक प्रश्न ७

१.४ अध्ययनको उद्देश्य ८

१.५ अध्ययनको औचित्य ८

१.६ अध्ययनको सीमाङ्कन ९

१.७ सम्बन्धित शब्दावलीको परिभाषा ९

**अध्याय - दुई**

**पूर्वसाहित्यको समीक्षा**

२.१ सैद्धान्तिक अध्ययन १०

२.२ सम्बन्धित साहित्यको पुनरावलोकन ११

२.३ अवधारणात्मक ढाँचा १५

**अध्याय - तीन**

**अनुसन्धान विधि**

३.१ अनुसन्धान ढाँचा १७

३.२ जनसंख्या र नमुना १७

  ३.२.१ क्षेत्र छनौट १८

  ३.२.२ विद्यालय छनौट १८

  ३.२.३ शिक्षक छनौट १८

  ३.२.४ विद्यार्थी छनौट १८

३.३ साधनहरुको निर्माण १८

  ३.३.१ कक्षा अवलोकन फाराम १९

३.३.२ अन्तर्वार्ता प्रश्नावली १९
३.३.३.लक्षित समूह छलफल १९
३.३.४. शिक्षकको व्यक्तिगत विवरण फाराम १९
३.३.५ लिकर्ट स्केल १९
३.४ तथ्याङ्क संकलन प्रक्रिया २०
३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया २०
३.६ साधनहरुको वैधता जाँच २०
३.७ नैतिक पक्ष २०

**अध्याय - चार**

**सूचनाको विश्लेषण र व्याख्या**

४.१. शिक्षकहरूको पृष्टभूमि पहिचान गर्नु २१
४.१.१. विशिष्टीकरण गरेको विषय र अध्यापन गर्ने विषय २१
४.१.२. शिक्षकहरूको शैक्षिक योग्यता र तालिमको अवस्था २३
४.१.३. शिक्षकहरूको पेशागत आधारमा स्थायी/अस्थायीको अवस्था २४
४.१.४. शिक्षकहरूको लैङ्गिक अवस्था २४
४.१.५. शिक्षकहरूको उमेरका आधारमा अवस्था २५
४.१.६ जातका आधारमा शिक्षकहरूको अवस्था २६
४.२. शिक्षकहरूको शिक्षणप्रतिको धारणा २६
४.२.१ विषयगत आधारमा शिक्षकको शिक्षण प्रतिको धारणा २७
४.२.२ शैक्षिक योग्यताका आधारमा शिक्षकहरूको शिक्षण प्रतिको धारणा २७
४.२.३ उमेरका आधारमा शिक्षकहरूको शिक्षणप्रतिको धारणा २८
४.२.४. जातका आधारमा शिक्षकहरूको शिक्षणप्रतिको धारणा २८
४.२.५ लिङ्गका आधारमा शिक्षकहरूको शिक्षणप्रतिको धारणा २९
४.२.६ स्थायी र अस्थायी शिक्षकहरूको शिक्षणप्रतिको धारणा २९
४.३ शिक्षकहरुको विषयगत अभ्यासको अवस्था ३०
४.३.१ गणित विषयको विषयगत अभ्यासको अवस्था ३०
४.३.२ सामाजिक विषयको विषयगत अभ्यासको अवस्था ३४
४.३.३ स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा विषयको विषयगत
अभ्यासको अवस्था ३८
४.३.४ शिक्षकहरूको शिक्षणप्रतिको धारणा र अभ्यासबीचमा सम्बन्ध ४३

**परिच्छेद Jपाँच**

**प्राप्ति, निष्कर्ष तथा सुझावहरू**

५.१ प्राप्ति ४४

५.१.१ शिक्षकहरूको पृष्ठभूमि ४४

५.१.२ शिक्षकहरूको शिक्षणप्रतिको धारणा ४४

५.१.३ विषयगत अभ्यासको अवस्था ४५

५.२ निष्कर्ष ४५

५.३ सुझावहरू ४६

सन्दर्भग्रन्थ सूची

अनुसूचीहरु

## तालिका सूची


| तालिका नं. | शीर्षक | पृ.सं. |
|---|---|---|
| ४.१. | विशिष्टीकरण गरेको विषय र अध्यापनगर्ने विषय | २२ |
| ४.२ | शिक्षकहरूको शैक्षिक योग्यता र तालिमको अवस्था | २३ |
| ४.३ | शिक्षकहरूको पेशागत आधारमा स्थायी/अस्थायीको अवस्था | २४ |
| ४.४ | शिक्षकहरूको लैङ्गिक अवस्था | २४ |
| ४.५ | शिक्षकहरूको उमेरका आधारमा अवस्था | २५ |
| ४.६ | जात र धर्मका आधारमा शिक्षकको अवस्था | २६ |
| ४.७ | विषयगत आधारमा शिक्षण प्रतिको धारणा | २७ |
| ४.८ | शैक्षिक योग्यताका आधारमा शिक्षण प्रतिको धारणा | २७ |
| ४.९ | उमेरका आधारमा शिक्षणप्रतिको धारणा | २८ |
| ४.१० | जातका आधारमा शिक्षणप्रतिको धारणा | २८ |
| ४.११ | लिङ्गका आधारमा शिक्षणप्रतिको धारणा | २९ |
| ४.१२ | स्थायी र अस्थायी शिक्षकहरूको धारणा | २९ |
| ४.१३ | कक्षाकोठा व्यवस्थापनको अवस्था | ३० |
| ४.१४ | पूर्व पाठको स्मरण | ३१ |
| ४.१५ | पाठयोजना निर्माणको स्थिति | ३२ |
| ४.१६ | शिक्षण विधिको प्रयोग | ३३ |
| ४.१७ | कक्षाकोठा व्यवस्थापनको अवस्था | ३४ |
| ४.१८ | पूर्व पाठको स्मरण | ३५ |
| ४.१९ | पाठयोजना निर्माणको अवस्था | ३६ |
| ४.२० | शिक्षण विधिको प्रयोग | ३७ |
| ४.२१ | कक्षाकोठा व्यवस्थापनको अवस्था | ३९ |
| ४.२२ | पूर्व पाठको स्मरण | ३९ |
| ४.२३ | पाठयोजना निर्माणको स्थिति | ४० |
| ४.२४ | शैक्षिक सामग्री प्रयोगको अवस्था | ४१ |
| ४.२५ | शिक्षक निर्देशिकाको प्रयोगको अवस्था | ४२ |